# संघीय संसद

## संयुक्त बैठक
**छैटौं अधिवेशन**

# बैठकको कारवाहीको संक्षिप्त विवरण
## २०७७
(सूचना पत्र - २)

प्रारम्भ मिति :-
**२०७७ साल वैशाख २६ गते शुक्रबार**

अन्त्य मिति :-
**२०७६ साल असार १८ गते बिहिबार**

संघीय संसद सचिवालय
कार्यव्यवस्था शाखा
संसद्‌भवन, सिंहदरबार
काठमाडौं

संघीय संसद्,

# **संयुक्त बैठक**

छैटौं अधिवेशन

***बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण***

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०७७/०२/०२ | ४:०५ | ६:४५ |
| २. | २ | २०७७/०२/१५ | ४:०५ | ६:३५ |

# संघीय संसद

छैठौं अधिवेशन

# संयुक्त बैठक

## बैठक संख्या - १

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ २ गते शुक्रबार

---

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीले सम्बोधनको प्रति सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले बैठक स्थगित भएपश्चात पनि आ-आफ्नो स्थानमा उभिएर सम्माननीय राष्ट्रपति महोदयलाई विदाई गर्नुहुन मा० सदस्यहरुलाई आग्रह गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक साँझ ६:४५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव

# संघीय संसद

सूचनापत्र -४

२०७७ साल जेठ १४ गते

बुधबार

सम्माननीय सभामुखले मिति २०७७ साल जेठ १५ गते बिहीबार दिनको ४:०० बजे माननीय अर्थमन्त्रीद्वारा आ.व. २०७७/०७८ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने प्रयोजनको लागि संघीय संसदको संयुक्त बैठक प्रतिनिधि सभाको बैठक कक्षमा बस्ने गरी तोक्नुभएकोले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम ३ को उपनियम (३) बमोजिम मा० सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

८।२।११

डा. भरतराज गौतम

संघीय संसदको महासचिव

# संघीय संसद

छैटौं अधिवेशन

# संयुक्त बैठक

## बैठक संख्या - २

## सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ १५ गते बिहीबार

संघीय संसदको दुवै सदनको संयुक्त बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले आ.व. २०७७/०७८ को लागि कुल १४ खर्ब ७४ अर्ब ६४ करोडको राजश्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य) सदन समक्ष प्रस्तुत गर्नुभयो ।

तदनन्तर संघीय संसदको दुवै सदनको संयुक्त बैठक अपरान्ह ६:३५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम<br>
संघीय संसदको महासचिव